सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

**खण्डः २ संख्याः ८    सुनकोशी, रामटार, श्रावन ६ गते २०७५ साल**

**स्वीकृत मितिः २०७५।०४।०६**

## भाग- २

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

नेपालको संविधान २०७२ को धारा २२६ अनुसुची ८ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिका गाउँ सभाबाट गाउँ प्रहरी नियमावली २०७५ बनाई लागु गरीएको छ ।

परिच्छेद -१

१.यो नियमावलीको नाम नगर प्रहरी नियमावली २०७५ रहेको छ ।.यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) "नगर प्रहरी" भन्नाले सुनकोशी गाउँपालिकाबाट यस नियमावली बमोजिम नियुक्ति भएका गाउँपालिकाको प्रहरीलाई सम्झनुपर्छ ।

ख) "प्रमुख" भन्नाले सुनकोशी गाउँपालिको प्रमुखलाई सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिका कार्यकारी अधिकृतलाई जनाउदछ ।

घ) "कार्यलय" भन्नाले सुनकोशी गाउँपालिको कार्यलय सम्झनु पर्दछ ।

ङ) "पदपुर्ति समिति" भन्नाले सुनकोशी गाउँपालिको पदपुर्ति समितिलाई जनाउने छ ।

## परिच्छेद -२

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

३.सुनकोशी गाउँपालिकाबाट देहाय बमोजिमको नगर प्रहरी समुह गठन हुनेछ । नगर प्रहरीको सेवाको गठन गाउँ सभाले निर्णयले देहायको पद सिर्जना गरी पदपुर्ति गरिने छ ।

क) नगर प्रहरी चौथो तह, ( प्रहरी सहायक निरिक्षक सो सरह )

ख) नगर प्रहरी जवान । - ( प्रहरी जवान सो सरह )

४(१) सुनकोशी गाउँपालिको गाउँ सभाबाट तोकिए बमोजिम नगर प्रहरीको आवश्यक दरबन्दि सिर्जना गरिने छ ।

(२) उपदफा(१) बमोजिम पदपुर्ति गर्न कार्यापालिकाबाट आवश्यक पदपुर्ती गर्न पदपुर्ति समिति समक्ष सिफारीस गरिने छ ।

## परिच्छेद -३

## नगर प्रहरी कर्मचारीको कर्तब्य र अधिकार

५. नगर प्रहरीको कर्तब्य र अधिकार :

१. सार्वजनिक आवागमनमा बाधा पुरयाई राखेको निर्माण सामाग्री पसल ब्यवसायवाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित ब्यत्तिवाट असुर उपर पेश गर्ने ।

२. गाउँपालिका क्षेत्र भित्र दैनिक उत्पादन हुने फोहर मैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कार्वाहीं गर्ने ।

३. सार्वजनिक जग्गा बाटो , मठ , मन्दिर , ढल , नाला , चोक पोखरी मिचि कसैले घर कम्पाउन्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानुन बमोजिम कार्वाही गर्न गाउँपालिकामा सिफारिस गर्ने ।

४. कसैले अनधिकृत रुपमा घर टहरा निर्माण गरी बसोवास गरेको खण्डमा गाउँ कार्यापालिको निर्णय बमोजिम घर टहारा भत्काउने कार्य गर्ने ।

५. कार्यालयको सुरक्षा तथा तथा अन्य कार्यालयको सामाग्रीहरुको हेर विचार गर्ने ।

६. छाडा पशु चौपायाहरु लिलाम गर्ने । छाडा पशु चौपायहरुको व्यवस्थापन गर्ने ।

७.छाडा कुकुर नियन्त्रण सम्वन्धि व्यवस्थापन कार्य गर्ने ।

८.वडा कार्यालय, टोल सुधार समिति, स्थानिय प्रहरी , नागरिक समाज आदी सँग हातेमालो गरी फोहरमैला तथा अन्य सरसफाई सम्वन्धि कार्य गर्ने ।

९. कार्यालयको आन्तरिक राजश्व उठान गर्नको लागी तथा बहाल विटौरी शुल्क उठाउनको लागी कार्यालयको आदेशमा कार्य गर्ने ।

## परिच्छेद -४

### नगर प्रहरी सम्वन्धि आवश्यक योग्यता तथा पदपुर्ति सम्वन्धि व्यवस्था

५.१. नगर प्रहरीको आवश्यक योग्यता :

क) नगर प्रहरी चौथो तहका लागि कनै विषयमा प्रमाण पत्र तह उर्त्तीण गरी सो विषयमा तालिम प्राप्त गरी १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

ख) नगर प्रहरी जवानका लागि एस.इ.इ. वा सो सरह उर्त्तीण गरी तालिम प्राप्त गरी १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका हुनुपर्ने छ ।

२.उपदफा (१) बमोजिम नगर प्रहरी नियुक्ति गर्दा म्यादी प्रहरी , ,सशस्त्र प्रहरी नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका व्यक्तिहरुलाई पहिलो प्रथमिकता दिइने छ ।

६. दफा ५.१ (क)(ख)(ग) बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारीसमा प्रमुख प्रशारकिय अधिकृतले नियुक्ति दिने छ ।

७. पदपुर्ति समितिको गठन:

क) प्रमुख प्रशासकिय अधिकृत — संयोजक

ख) जिल्ला प्रशासन कार्यलयको प्रतिनिधि — सदस्य

ग) लेखा प्रमुख — सदस्य

घ) सुरक्षा सम्बन्धि ज्ञान भएको नेपाल प्रहरी , सशस्त्र प्रहरी वा नेपली सेनाको सेवारत कर्मचारी वा निवृतिभरण भएको कर्मचारीलाई गाउँ कार्यपालिकाले मनोनित गरेको व्यक्ति सुरक्षा विज्ञ — सदस्य

ङ) स्वास्थ्य शाखाको प्रमुख — सदस्य

८.पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

क) प्रतियोगिताद्धारा पुर्तिहुने पदको पाठ्क्रम निर्धारण गर्ने,

ख) खुला पदपुर्ति कार्यतालिका बनाउने,

ग) परीक्षाको किसिम तोक्ने,

घ) पदपुर्तिको लागि विज्ञापन प्रकाशन गर्ने,

ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

च) नियुक्तिका लागि सिफारीस गर्ने ।

८(१) पदपुर्ति समितिले नगर प्रहरी सेवामा खुला प्रतियोगिता तथा लोक सेवाको नीति अनुसार नै समावेशी पदमा भर्नाको लागी सुचना प्रकाशन गरिनेछ ।

८(२) पदपुर्ति समितिले पदपुर्तिका लागि विज्ञापन प्रकाशन गर्दा राष्ट्रिय स्तरका पत्रिकामा कम्तिमा ३० दिनको म्याद दिइ देहायका विषय समेत खुलाई प्रतियोगिताको लागि विज्ञापन प्रकाशन गर्नु पर्ने छ :

क) पदको नाम,

ख) आवश्यक संख्या (खुला र समावेशी अलग अलग देखिने गरी )

ग) दरखास्त दिने म्याद र स्थान,

घ) दरखास्त दस्तुर,

ङ) परीक्षा दस्तुर,

च) आवश्यक न्युनतम शैक्षिक योग्यता,

छ) पेश गर्नुपर्ने आवश्यक प्रमाण पत्रहरु ।

(ज) सम्पर्क मिति र स्थान

झ) परिक्षाका तरिका

(ञ) अन्र्य सर्तहरु

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उमम्मेदवार हुन चाहने ब्यक्तिले एउटा पदका समावेशी तथा खुल्लातर्फ दरखास्त दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त पेश गर्न ब्याक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समुहका पदका लागी लाग्न परीक्षा दस्तुरका थप बिस प्रतिशत रकम दस्तुर बुझाउन पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्याक्तिले खुल्ला प्रतियोगितात्मक परिक्षाद्धारा पूर्ति हुने पदका लागी निर्धारित दरखास्त फारम भरी परीक्षा दस्तुर सहित विज्ञापनमा तोकिएका स्थान र समयमा बुझाउन पर्नेछ ।

(५) पदपुर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रित्त भएमा लिखित परिक्षाका नतिजा प्रकाशन हुनभन्दा अगाडि सो पदपुर्ति सिमितिले सार्वजनिक रुपमा सुचाना प्रकाशन गरी सोहि सोहि बिज्ञापनमा सो संख्यासमेत थप गर्न सक्नेछ ।

९.उम्मेदवारको दरखास्त फारम र प्रवेशपत्रको ढाँचा गाउँपालीका ले निर्णय गरे अनुसार हुनेछ ।

१० अर्न्तवाता समितिको गठन परिक्षा समितिले निर्धारण गरे अनुसार हुनेछ ।

११ अन्तिम नतिजा प्रकाशन :

(१) पदपुर्ति समितिले उम्मेदवारको छनौट सम्बन्धी सम्पुर्ण प्रक्रिया सम्पन्न भएपछि सबभन्दा बढि अङ्क प्राप्त गर्ने उम्मेदवारहरुको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदको पन्ध्र प्रतिशत वा घटिमा दुई जना योग्यतााक्रम अनुसार वैकल्पिक उम्मेदवारको सुचि समेत प्रकाशन गर्नु पर्नेछ ।

१२. १ दफा ११ (१) २ बमोजिम पदपुर्ति समितिबाट सुचि प्रकाशन भई सिफारिस भएका गाउँ प्रहरी लाई कार्यपालीकाले नियुक्ति दिनु पर्नेछ ।

१३ गाउँ प्रहरीको सेवा सुविधा सम्बन्धी व्यवस्था कार्यपालीकाले तोके बमोजिम हुनेछ ।

**आज्ञाले**

**विकास सुन्दास**

**प्रमुख प्रशासकिय अधिकृत**